# विशिष्टीकरण तालिका (२०८०)

कक्षा ५

विषय : नेपाली                                                                                    समय : २ घण्टा

पूर्णाङ्क : ५०

| क्र. सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षणीय पक्ष | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | प्रश्न सङ्ख्या र अङ्क भार | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | |
| १. | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | २ | पाठमा प्रयोग भएका कुनै चारओटा शब्द (मौलिक ३, आगन्तुक १) दिई तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने (**शब्द दिँदा एउटा विकल्प बढी दिने**) |
| | | शब्द पहिचान | १ | | | | १ | १ | २ | पर्यायवाची १, विपरीतार्थी १, अनेकार्थी/श्रुतिसमभिन्नार्थी १, समावेशक/लघुतावाची/सिङ्गो/सङ्क्षिप्त शब्द १ पर्ने गरी सङ्केतबमोजिम खाली ठाउँ भर्न लगाउने |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ३ | मौलिक/आगन्तुक शब्दबाट १, प्राविधिक/पारिभाषिक शब्दबाट १, अनुकरणात्मक, निपात शब्दबाट १ पर्ने गरी जम्मा ३ ओटा शब्द दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने |
| २. | वर्णविन्यास | शुद्धीकरण | १ | | | | १ | १ | १ | पञ्चम वर्ण/ब/व बाट १ र श/ष/सबाट १ गरी २ ओटा बहुवैकल्पिक प्रश्न सोधी शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्न लगाउने |
| | | | | | १ | | १ | १ | २ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी ह्रस्व १, दीर्घ १, लेख्य चिह्न १, पदयोग/पदवियोग/चन्द्रबिन्दु/शिरबिन्दु/य/ए/ऋ/रि/छ्य/क्ष आदिबाट १ पर्ने गरी ४ ओटा अशुद्धि भएका वाक्य दिई शुद्ध पार्न लगाउने |
| ३. | भाषिक संरचना | शब्दवर्ग | १ | | | | १ | १ | २ | नाम, सर्वनाम, विशेषण र क्रियापद पर्ने गरी अनुच्छेद दिई रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्न लगाउने |
| | | | १ | | | | १ | १ | २ | क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातमध्येबाट फरक फरक कुनै ४ ओटा शब्द पर्ने गरी शब्द र तिनका शब्दवर्गबिच जोडा मिलाउन लगाउने |
| | | विभक्ति | | | १ | | १ | १ | २ | उपयुक्त विभक्ति राखेर खाली ठाउँ भरी ४ ओटा वाक्य पूरा गर्न लगाउने |
| | | काल | | | १ | | १ | १ | ४ | वर्तमान, भूत र भविष्यत् कालबाट कम्तीमा १/१ ओटा पर्ने गरी कुनै ४ ओटा प्रश्न सोधेर सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउने |
| | | पदसङ्गति | | | १ | | १ | १ | ५ | लिङ्ग सङ्गति, वचन सङ्गति, पुरुष सङ्गति र आदर सङ्गतिबाट कम्तीमा १/१ ओटा पर्ने गरी ५ ओटा प्रश्न सोधी पद सङ्गति मिलाउन लगाउने |
| ४. | | | | | | | | | | **निम्नबमोजिम दुई प्रश्न सोधी उत्तर दिन लगाउने :** (क) पाठ्यपुस्तकका कथा वा कविता विधाबाट सन्दर्भ दिई त्यसका आधारमा |

CURRICULUM DEVELOPMENT CENTRE

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठगत बोध | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक (पाठगत पठनबोध अति छोटो) | | १ | | | २ | २ | ४ + ४ | विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देशसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने<br>(ख) पाठ्यपुस्तकका जीवनी, निबन्ध/यात्रा वर्णन, रूपकमध्ये कुनै एक विधाबाट सन्दर्भ दिई त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देशसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने |
| ५. | आशय वर्णन | गद्य र पद्य पाठका विशिष्ट पङ्क्ति | | | | १ | २ | १ | ४ | पाठ्यपुस्तकका पाठमध्येबाट कुनै दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको आशय वर्णन गर्न लगाउने |
| ६. | व्यावहारिक लेखन | चिठी/ शुभकामनापत्र | | | १ | | २ | १ | ४ | घरायसी चिठी र शुभकामनापत्र गरी २ प्रश्न सोध्ने र कुनै १ को उत्तर लेख्न लगाउने |
| ७. | निर्देशित रचना | कथा/ जीवनी/संवाद लेखन | | | | १ | २ | १ | ४ | बुँदाका आधारमा जीवनी वा कथामध्येबाट कुनै १ प्रश्न र ८ ओटा खाली ठाउँ दिई उपयुक्त सन्दर्भ वा विषयवस्तु लेखेर दुई जनाबिच भएको सवाद पूरा गर्न लगाउने १ प्रश्न गरी जम्मा २ प्रश्न सोधी कुनै १ प्रश्नको उत्तर लेख्न लगाउने |
| ८. | स्वतन्त्र लेखन | निबन्ध लेखन | | | | १ | ३ | १ | ५ | आत्मपरकबाट १ र वस्तुपरकबाट २ ओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने |
| **प्रश्न बनाउँदा पाठ नदोहोरिने गरी बनाउनुपर्ने छ।** | | | | | | | | | | |
| **कक्षा ४ का लागि प्रश्नपत्र निर्माण गर्दा कक्षा ५ को विशिष्टीकरण तालिकालाई आधार मानी कक्षा ४ का सबै विषयक्षेत्र समेट्ने गरी प्रश्न निर्माण गर्नुपर्ने छ।** | | | | | | | | | | |

**द्रष्टव्य**

(क) ज्ञान : विशिष्ट तथ्य, प्राप्त सूचना, पुनः स्मरण र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्न यसअन्तर्गत सोधिने छन्।

(ख) बोध : विद्यार्थीले सिकाइका क्रममा बोध गरेका कुराको मूल्याङ्कन गर्ने खालका प्रश्न यसअन्तर्गत सोधिने छन्।

(ग) प्रयोग : यसमा प्रयोग गर्ने, संयोजन गर्ने र व्यावहारिक क्षमतासम्बन्धी प्रश्न सोधिने छन्।

(घ) उच्च दक्षता : व्याख्या, विश्लेषण, तर्क र समीक्षा जस्ता क्षमतासम्बन्धी प्रश्न यसअन्तर्गत सोधिने छन्।

CURRICULUM DEVELOPMENT CENTRE

# नमुना प्रश्नपत्र

**कक्षा : ५** **विषय : नेपाली**

**समय : २ घण्टा** **पूर्णाङ्क : ५०**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

| झिँगटी, | आस्था, | नर्सरी, | लक्ष्य, | कर्नाल |
|---|---|---|---|---|

(क) तोकेको कुरो, उद्देश्य

(ख) बिरुवा हुर्काउन बनाइएको ठाउँ

(ग) .माटो पोलेर घर छाउन बनाइएको साधन

(घ) विश्वास

**२. खाली ठाउँमा कोष्ठकबाट मिल्दो शब्द भर्नुहोस् :** (२)

(क) 'हावा' को उस्तै अर्थ दिने शब्द .............. हो । (पानी, पवन, पवित्र)

(ख) 'जोर' को उल्टो अर्थ दिने शब्द .............. हो । (कडा, एक, बिजोर)

(ग) 'तीर' को उस्तै सुनिने शब्द .............. हो । (तिर, तीन, शीर)

(घ) 'पानी' को सानो रूप बुझाउने शब्द .............. हो । (थोपो, धारो, तुर्को)

CURRICULUM DEVELOPMENT CENTRE

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)

पर्यावरण, तराजु, चिटिक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

(क) बिरुवा विरुबा विरुवा बिरुबा

(ख) विशेष विसेष विषेश विशेस

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

आमाले मलाइ किताब कापी र यउटा कलम ल्याइदीनुभयो ।

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

**मैले** मेरो **सानो** भाइलाई **खेलौना** उपहार **दिएँ** ।

**७. जोडा मिलाउनुहोस् :** (२)

| | |
|---|---|
| क्रियायोगी | सँग |
| नामयोगी | फटाफट |
| संयोजक | नि |
| निपात | छ्या |
| | तैपनि |

CURRICULUM DEVELOPMENT CENTRE

**८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् :** (२)

(क) गुरुले म......... पाठ पढाउनुभयो । (ले, लाई, बाट)

(ख) हामी बिदाको दिन घर......... बस्छौँ । (देखि, को, मा)

(ग) तिमी लट्ठी ....... सुन्तला झार्छौं । (ले, मा, लाई)

(घ) हाम्रो परीक्षा भोलि ......... सुरु हुन्छ । (मा, बाट, लाई)

**९. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (४)

(क) उनीहरू बजार घुम्न जान्छन् । (भूत काल)

(ख) साथीहरू विद्यालय आउने छन् । (वर्तमान काल)

(ग) हामी चित्र बनाउँछौँ । (भविष्यत् काल)

(घ) तपाइँ खेल खेल्नुहुने छ । (वर्तमान काल)

**१०. दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** (५)

(क) उनीहरू गुरुले भनेको टेर्छ ।

(ख) मेरो बहिनी आयो ।

(ग) बुबाले हामीलाई उपहार ल्याइदियो

(घ) तिमी किताब पढ्छ ।

(ङ) म फूलको माला गाँस्छौँ ।

CURRICULUM DEVELOPMENT CENTRE

**११. दुवै प्रश्नको उत्तर लेख्नुहोस् :** (४+४=८)

**(क) दिइएको कथाको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

योजनाबमोजिम पृथ्वीनारायणले नुवाकोटमाथि आक्रमण गरे । पहिलो आक्रमणमै उनले पराजय भोग्नुपर्‍यो । नुवाकोटमै हार खाइसकेपछि कान्तिपुरतिर उनले कसरी आँखा लगाउन सक्थे र ? उनमा चिन्तामाथि चिन्ता थपियो । यस हारले उनी घाइते सिंह झैँ रन्थनिँदै बिसेको आँगन टेक्न आइपुगे । बिसे आँगनमा फाटेको सुरुवाल टालेर बसिरहेको थियो । उसले आफ्ना आँगनमा राजालाई सशरीर देख्यो । उसलाई पहिले त पत्याउनै मुस्किल पर्‍यो । सपना झैँ लाग्यो । जब राजा नजिक आइपुगे तब ऊ अभिवादनका लागि उठ्यो । उसले हतार हतार आँगनमा लडिरहेको ओखल घोप्ट्यायो । ओखलमाथि सुकुल बिछ्यायो । राजाका लागि आसन तयार भयो ।

**प्रश्न**

(अ) पृथ्वीनारायणले किन कान्तिपुरतिर आँखा लगाउन सकेनन् ?

(आ) पृथ्वीनारायण किन बसेको आँगनमा पुगे ?

(इ) पृथ्वीनारायण पुग्दा बिसे के गर्दै थियो ?

(ई) बिसेले पृथ्वीनारायणलाई बस्ने आसन कसरी तयार पार्‍यो ?

**(ख) दिइएको निबन्धको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

भनिन्छ, जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड । विद्युतीय सञ्चार साधन पनि सदुपयोग गर्नेलाई फाइदैफाइदा छ नत्र नोक्सान मात्र । टेलिभिजन हेरिरहे भविष्यमा आँखाले देख्नै नसक्लान् कि भन्ने डर हुन्छ । मोबाइल जथाभावी चलाइरहे त्यसको नोक्सानी कति हुन्छ भन्नै सकिँदैन । धेरैजसो विद्युतीय एप चलाइरहनेको अवस्था हामी सबैले सुनेकै छौँ । गलत किसिमबाट विद्युतीय सञ्चार माध्यमको प्रयोग गरियो भने दुःख नपाउने कुरै भएन । त्यसैले शिक्षा, स्वास्थ्य र मनोरञ्जन आदिका क्षेत्रमा धेरै उपयोगी हुँदाहुँदै सञ्चार साधनले नोक्सान पनि गर्न सक्छन् । यिनको दुरुपयोगबाट आँखाको ज्योति गुम्नेदेखि मानसिक अवस्था बिग्रिनेसम्मको डर हुन सक्छ ।

**प्रश्न**

(अ) सञ्चारका साधनबाट के गर्दा फाइदा हुन्छ ?

(आ) सञ्चारका साधनबाट किन दुःख पाइन्छ ?

(इ) सञ्चारका साधनको दुरुपयोग गर्दा के के समस्या आउन सक्छन् ?

(ई) सञ्चारका साधन कुन कुन क्षेत्रमा उपयोगी हुन्छन् ?

CURRICULUM DEVELOPMENT CENTRE

**१२. कुनै एक उद्धरणको आशय वर्णन गर्नुहोस् :** (४)

(क) परिश्रमी हातहरू सिर्जनाका खानी
सिर्जनामै रमाउने प्यारो जिन्दगानी ।

(ख) बालकृष्ण समले नेपाली साहित्यमा ठुलो योगदान दिएका छन् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) आफ्नो गाउँको वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

(ख) जन्मदिनको अवसरमा साथीलाई दिने शुभकामना सन्देश तयार पार्नुहोस् ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएका बुँदाका आधारमा मिल्दो शीर्षक दिई जीवनी लेख्नुहोस् :**

| | |
|---|---|
| नाम | : पारिजात |
| जन्म | : वि.सं. १९९४ वैशाख ७ गते |
| जन्मस्थान | : दार्जिलिङको लिँगिया चिया कमान, भारत |
| पिता | : के. एन. वाइबा |
| माता | : अमृत मोक्तान |
| न्वारानको नाम | : विष्णुकुमारी वाइबा |
| शिक्षा | : स्नातक |
| कृतिहरू | : शिरीषको फूल उपन्यास, मैले नजन्माएको छोरो कथा आदि |
| विशेषता | : प्रसिद्ध साहित्यकार, सङ्घर्षशील नारी |
| पुरस्कार | : मदन पुरस्कारलगायत विभिन्न पुरस्कार तथा मान सम्मानबाट सम्मानित |
| मृत्यु | : वि.सं. २०५० वैशाख ५ गते, काठमाडौँ |

**(ख) 'दसैँको रमाइलो' शीर्षकमा दुई जनाबिचको संवाद पूरा गर्नुहोस् :**

उमेश : ओहो ! कहिले आयौ नरेश ?
नरेश : दसैँको सप्तमीका दिन नै आइपुगेँ । तिम्रो खबर के छ नि ?
उमेश : ठिकै छ । यसपालिको दसैँ रमाइलो हुने भयो ।
नरेश : ...............................................................................................

CURRICULUM DEVELOPMENT CENTRE

उमेश : ...............................................................................

नरेश : ...............................................................................

उमेश : ...............................................................................

नरेश : ...............................................................................

उमेश : ...............................................................................

नरेश : ...............................................................................

उमेश : ...............................................................................

**१५. कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

(क) मलाई मन पर्ने खेल

(ख) पानीको सदुपयोग

(ग) वनजङ्गलको महत्त्व

CURRICULUM DEVELOPMENT CENTRE

## उत्तर परीक्षण कुञ्जिका (२०८०)

**कक्षा : ५** **विषय : नेपाली**
**समय : २ घण्टा** **पूर्णाङ्क : ५०**

CURRICULUM DEVELOPMENT CENTRE

प्रस्तुत परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणका लागि मार्ग निर्देशन मात्र हो । उत्तरपुस्तिका परीक्षणका लागि यो कुञ्जिका मूल आधार भए पनि परीक्षकले उत्तरको स्तर हेरी विद्यार्थीले दिएको उत्तरमा मौलिकता भएमा विवेक पुऱ्याई अङ्क प्रदान गर्नुहोस् ।

**१. शब्दार्थ**

**दिइएका शब्दको सही जोडा मिलाएर खाली ठाउँमा लेखेको भए प्रतिशब्द ०.५ का दरले सबै मिलाएमा २ अङ्क प्रदान गर्नुहोस् । विद्यार्थीले प्रश्नपत्रबाट सार्दा सामान्य वर्णविन्यासगत त्रुटि गर्न सक्छन् । यस्तो अवस्थामा स्वविवेक प्रयोग गर्नुहोस् :**

**उत्तर :** (क) तोकेको कुरो, उद्देश्य : लक्ष्य
(ख) बिरुवा हुर्काउन बनाइएको ठाउँ : नर्सरी
(ग) .माटो पोलेर घर छाउन बनाइएको साधन : झिँगटी
(घ) विश्वास : आस्था

**२. शब्दज्ञान**

**कोष्ठकमा दिइएका शब्दमध्ये मिल्ने शब्द छानेर खाली ठाउँ भरी पूरा गरिएको शुद्ध वाक्यलाई ०.५ का दरले २ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर :** (क) 'हावा' को उस्तै अर्थ दिने शब्द **पवन** हो ।
(ख) 'जोर' को उल्टो अर्थ दिने शब्द **बिजोर** हो ।
(ग) 'तीर' को उस्तै सुनिने शब्द **तिर** हो ।
(घ) 'पानी' को सानो रूप बुझाउने शब्द **थोपो** हो ।

**३. दिइएका शब्दलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरेको अवस्थामा वाक्यको बनोट र भाषिक शुद्धतासमेत विचार गरी शुद्ध वाक्यका लागि १ अङ्कका दरले जम्मा ३ अङ्क प्रदान गर्नुहोस् । वर्णविन्यासमा देखिएका अशुद्धिमा स्वविवेक प्रयोग गर्नुहोस् ।**

**४. शुद्ध शब्द पहिचान :**

**शुद्ध शब्द चिनेर उत्तरपुस्तिकामा शुद्ध लेखेको अवस्थामा एउटा शुद्ध शब्दका लागि ०.५ का दरले चारओटा शब्दको १ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर :** (क) बिरुवा (ख) विशेष

५. **एउटा अशुद्धि सच्याएबापत ०.५ का दरले २ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर**

आमाले मलाई किताब, कापी र एउटा कलम ल्याइदिनुभयो ।

६. **पदवर्ग :**

**रेखाङ्कित शब्दको पदवर्ग छुट्याई शुद्धसँग लेखेमा प्रत्येकको ०.५ अङ्कका दरले २ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर :** मैले : सर्वनाम

सानो : विशेषण

खेलौना : नाम

दिएँ : क्रियापद

७. **दिइएका शब्द र ती शब्दको वर्गबिच जोडा मिलाएर लेखेको भए प्रति सही उत्तर ०.५ का दरले २ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर** : क्रियायोगी : फटाफट

नामयोगी : सँग

संयोजक : तैपनि

निपात : नि

८. **कोष्ठकमा दिइएका विकल्पमध्ये सही उत्तर छानी खाली ठाउँ भरेर वाक्य पूरा गरेर लेखेको भए प्रतिवाक्य ०.५ का दरले २ अङ्क प्रदान गर्नुहोस् :**

**उत्तर**

(क) गुरुले म**लाई** पाठ पढाउनुभयो ।

(ख) हामी बिदाको दिन घर**मा** बस्छौँ ।

(ग) तिमी लट्ठी**ले** सुन्तला झाछौँ ।

(घ) हाम्रो परीक्षा भोलि**बाट** सुरु हुन्छ ।

९. **कोष्ठकमा दिइएका निर्देशनबमोजिम दिइएका वाक्यलाई सही रूपमा परिवर्तन गरेको अवस्थामा प्रतिवाक्य १ का दरले ४ अङ्क प्रदान गर्नुहोस् । लेखाइका क्रममा वर्णविन्यासगत सामान्य त्रुटि गरेको अवस्थामा स्वविवेक प्रयोग गर्नुहोस् ।**

**उत्तर**

(क) उनीहरू बजार घुम्न गए ।

(ख) साथीहरू विद्यालय आउँछन् ।

(ग) हामी चित्र बनाउने छौँ ।

(घ) तपाइँ खेल खेल्नुहुन्छ ।

CURRICULUM DEVELOPMENT CENTRE

**१०. दिइएका अशुद्ध वाक्यलाई कर्ताअनुसार क्रियापद मिलाई शुद्ध लेखन गरेको अवस्थामा प्रतिवाक्य १ का दरले ५ अङ्क प्रदान गर्नुहोस् ।**

(क) उनीहरू गुरुले भनेको टेर्छन् ।
(ख) मेरी बहिनी आई ।
(ग) बुबाले हामीलाई उपहार ल्याइदिनुभयो ।
(घ) तिमी किताब पढ्छौ ।
(ङ) म फूलको माला गाँस्छु ।

**११. पाठगत बोध**

**(क)** सन्दर्भका रूपमा दिइएको अंश अध्ययन गरी दिइएका प्रश्नको विषयवस्तु, घटना वर्णन, मूल भाव वा सन्देशसँग सम्बन्धित भएर १ वा २ वाक्यमा उत्तर दिएको छ भने प्रत्येक सही उत्तरका लागि १ अङ्कका दरले ४ ओटा उत्तरका लागि ४ अङ्क प्रदान गर्नुहोस् । वर्णविन्यासगत अशुद्धि (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) का लागि स्वविवेक प्रयोग गर्नुहोस् ।

**(ख)** सन्दर्भका रूपमा दिइएको अंश अध्ययन गरी दिइएका प्रश्नको विषयवस्तु, घटना वर्णन, मूल भाव वा सन्देशसँग सम्बन्धित भएर १ वा २ वाक्यमा उत्तर दिएको छ भने प्रत्येक सही उत्तरका लागि १ अङ्कका दरले ४ ओटा उत्तरका लागि ४ अङ्क प्रदान गर्नुहोस् । वर्णविन्यासगत अशुद्धि (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) का लागि स्वविवेक प्रयोग गर्नुहोस् ।

**१२. आशय वर्णन**

आशय वर्णनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (क) | पाठगत विषयवस्तु बोध र मौलिकता | १ |
| (ख) | अर्थ विस्तार निष्कर्ष | २ |
| (ग) | वाक्य गठन तथा भाषिक शुद्धता | १ |

**१३.(क) चिठी लेखन**

चिठी लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (अ) | सम्बोधन, मिति, विषय, चिठीको आरम्भ, अन्त्य | १ |
| (आ) | चिठीको मूल विषयवस्तु वर्णन | २ |
| (इ) | वाक्य गठन तथा भाषिक शुद्धता | १ |

**(ख) शुभकामना सन्देश लेखन**

शुभकामना सन्देशको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिनुहोस् :

| | | |
|---|---|---|
| (अ) | शुभकामना पत्रको प्रस्तुतीकरण तथा भाषा शैली | १ |
| (आ) | शुभकामना पत्रको संरचना | २ |
| (इ) | भाषिक शुद्धता | १ |

CURRICULUM DEVELOPMENT CENTRE

**१४. (क) जीवनी लेखन**

**जीवनी लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिनुहोस् :**

(अ) जीवनीको शीर्षक, अनुच्छेद योजना तथा सुरुवात १

(आ) विषयवस्तुको संयोजन तथा प्रस्तुतीकरण २

(इ) वाक्य गठन तथा भाषिक शुद्धता १

**(ख) संवाद लेखन**

संवाद लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिनुहोस् :

(अ) शीर्षक तथा सिलसिलाबद्ध संवाद लेखन शैली १

(आ) विषयवस्तुको प्रस्तुतीकरण र निचोड २

(इ) वाक्य गठन एवम् भाषिक शुद्धता १

**१५. निबन्ध लेखन**

**निबन्ध लेखनको मूल्याङ्कनका लागि निम्न पक्षमा ध्यान दिनुहोस् :**

(क) परिचय एवम् विषय प्रवेश १

(ख) विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, मौलिकता तथा निष्कर्ष ३

(ग) वाक्य गठन, भाषिक शुद्धता १

CURRICULUM DEVELOPMENT CENTRE